# रेडियो वीर शहिद एफ.एम तिलागुफा संचालन तथा व्यवस्थापन कार्यविधी २०७८

**दशौ नगरसभा बाट पारित मिति :- २०७८ आषाढ १० गते**

**प्रस्तावनाः** रेडियो वीर शहिद तिलागुफा एफ.एम तिलागुफा नपा ६ गाल्जे कालिकोट सञ्चालन तथा व्यवस्थापन कार्यका लागि व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तिलागुफा नगरसभाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम :- रेडियो वीर शहिद एफ.एम तिलागुफा रेडियो ( व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "प्रमुख" भन्नाले क्रमशः नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपप्रमुख" भन्नाले नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका कार्यकारी अधिकृत सम्झनुपर्छ ।

(ङ) "नगरपालिका" भन्नाले तिलागुफा नगरपालिका सम्झनु पर्छ ।

च) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय वा सो कामको लागि तोकिएको संघ तथा कर्णाली प्रदेशको मन्त्रालयलाई सम्झनु पर्छ ।

छ) "बिषयगत शाखा" भन्नाले तिलागुफा नगर कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ञ) "वडा सचिव" भन्नाले नगरपालिकाको ११ वटा वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ट) "वडा समिति" भन्नाले तिलागुफा नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ढ) "सदस्य" भन्नाले नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्ष समेतलाई जनाउने छ ।

ठ) " Sattelite Receiving System" भन्नाले अधिकांश भाग पृथ्वीको वायुमण्डल बाहिर रहने वा रहेको एक वा एक भन्दा बढी भू–उपग्रहहरु व अन्तरिक्ष स्टेशनबाट प्राप्त गर्ने डिस एण्टेना लगायतका संचार प्रणाली सम्झनु पर्दछ ।

ड) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्धारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायको यन्त्रहरु सम्झनुपर्छः

- Dis Antena लगायत सबै प्रकारको Sattelite Receiving System"
- रेडियो Transmeter

ढ) " रेडियो एफ.एम." भन्नाले रेडियो वीशहिद एफ.एम.तिलागुफा लाई सम्झनु पर्छ

ण ) " स्टेसन म्यानेजर" भन्नाले तिलागुफा नगर कार्यपालिकाको कार्यालय वाट रेडियो वीशहिद एफ.एम.तिलागुफाको स्टेशन म्यानेजरको नियुक्ति पाएको व्यक्ति लाई सम्झनु पर्छ ।

**३. प्रसारण सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालन** : (१) यस रेडियो वीर शहिद एफ.एम तिलागुफा रेडियोको प्रसारण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रमको रेखदेख र सञ्चालनको नीति निर्माण गर्ने अधिकार नगरकार्यपालिका लाई हुनेछ ।

**४. रेडियो एफ.एम संचालन तथा व्यवस्थापन समिति** : (१) यस नगरपालिकाको रेडियो वीर शहिद एफ.एम तिलागुफाको संचालन तथा व्यवस्थापन कार्यका लागी देहाय बमोजिमको रेडियो सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| उप प्रमुख | सदस्य |
| कार्यपालिकाबाट मनोनित २ जना महिला सहित ४ जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सूचना तथा अभिलेख शाखा प्रमुख | सदस्य |
| स्टेशन प्रबन्धक | सदस्य सचिव |

**५. रेडियो खाता सञ्चालन सम्बन्धमा :** रेडियो वीर शहिद एफ.एमको आन्तरिक आम्दानी तथा दातृ निकायबाट प्राप्त वित्तिय श्रोत साधनको परिचालन तथा व्यवस्थापन गर्न नगरपालिकाको कार्यालयले तोकेको बैकमा एक छुट्टै खाता सञ्चालन गरिनेछ र सो खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिने छ ।

६. **रेडियोको स्वामित्व :** रेडियो वीर शहिद एफ.एम तिलागुफा सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण स्वामित्व तिलागुफा नगरपालिकामा निहित हुनेछ र रेडियोको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन कार्यको लागि नगरपालिकाले आवश्यक विनियम, मापदण्ड र आदेश नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत गराई लागु गर्न सकिनेछ ।

७. **जनशक्ति व्यवस्थापन :** रेडियो वीर शहिद एफ.एम तिलागुफाको प्रभावकारी सञ्चालन तथा दिगो व्यवस्थापनका लागि आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक जनशक्ति नगर कार्यपालिकाको कार्यालयले उपलब्ध गराउनु पर्ने छ ।

८.**कर्मचारीको पारिश्रमिक :** तिलागुफा नगरपालिकाले रेडियो वीर शहिद एफ एम तिलागुफा सञ्चालनमा खटाईएका कर्मचारीहरुको नियमित पारिश्रमिक तथा अन्य सेवा सुविधा तिलागुफा आर्थिक ऐन र आर्थिक प्रशासन सञ्चालन नियमावली २०७८ बमोजिम हुनेछ ।

९. **सम्पत्तिको स्वामित्व :** रेडियो वीर शहिद तिलागुफा एफएमको जिन्सी तथा नगद सम्पत्तिको संरक्षण, परिचालन, व्यवस्थापन तथा नियमनको सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

१०. **प्रशारण सम्बन्धी व्यवस्था :** यस रेडियो वीर शहिद एफ.एम तिलागुफाले प्रचलित संघीय, प्रदेश र तिलागुफा नगरपालिकाका कानूनले बन्देज गरेका गोप्य सूचना बाहेक सम्पूर्ण सूचना तथा घटनाक्रमहरुको जानकारी र स्थानीय कला संस्कृति झल्किने गरी नगरको सांस्कृतिक प्रवर्द्धन सम्बन्धीका कार्यक्रमहरु प्रशारण गर्न छ ।

११.**शुल्क व्यवस्थापन :** यस रेडियो वीर शहिद एफएम तिलागुफाले सरकारी तथा गैर सरकारी निकायहरुका विज्ञापन, सूचना र कार्यक्रमहरुको संप्रेषण गरेवापत तिलागुफाको आर्थिक ऐन र सो सम्बन्धमा नियमावली तथा मापदण्डले तोकेको दर रेटमा विज्ञापन तथा सूचना प्रशारण शुल्क लिई एफ.एमको कोष सञ्चालन खातामा दाखिला गर्नुपर्नेछ ।

१२. **कोष परिचालन :** रेडियो वीर शहिद एफ.एम तिलागुफाको विभिन्न निकाय तथा विज्ञापन शुल्कवापत प्राप्त रकमलाई प्रत्येक आर्थिक वर्षमा कूल आम्दानी मानि सो रकमलाई दफा ४ बमोजिमको एफएम सञ्चालन तथा व्यवस्थापन समितिबाट निर्णय गराई सो रकम एफ.एममा कार्यरत कर्मचारीको पारिश्रमिक र कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यमा खर्च गर्न नगर कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्ने छ ।

१३ **लेखापरीक्षण :** तिलागुफा नगरपालिकाको रेडियो वीर शहिद एफ.एम तिलागुफाको आय व्ययको वार्षिक लेखापरीक्षण तथा श्रेस्ता कायम राख्न नगरपालिकाको कार्यालयको आर्थिक शाखा प्रमुखको जिम्मेवारी रहनेछ ।

१४. **विविध :** रेडियोको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन कार्यका लागि यस कार्यविधिमा कुनै दफा वा उपदफा संशोधन गर्नुपरेमा नगर सभाले संशोधन गरी कार्यान्वयन गर्ने छ ।